प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ आवेदन फारम भरेका प्रशिक्षार्थीहरूको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७९/०४/१२ र मिति २०७९/०५/०८ गतेको शौक्षिक शत्र २०७९/०८० का लागि गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको लागि आवेदन फाराम भरेका आवेदकहरू मध्येबाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **"प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९"** तथा सूचनामा उल्लेख भए बमोजिम योग्यताक्रमको आधारमा नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सिफारिस गरिएका सफल प्रशिक्षार्थीहरूले मिति २०७९/०६/०४ गते सम्म कार्यालय समय भित्र आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शौक्षिक योग्यता, नागरिकता वा जन्म दर्ता, छनौट भएको लक्षित वर्गको प्रमाण पत्र सहित तोकिएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरूले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम प्रशिक्षार्थीहरूले पेश गरेका प्रमाण प्रत्रहरू रुजु गरी भर्ना गर्नु/गराउनु हुन अनुरोध छ। साथै तोकिएको मिति भित्र प्रशिक्षार्थीहरू भर्ना हुन नआई कुनै सिट रिक्त रहेमा भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको इ-मेल ठेगाना exam@ctevtbagmati.org.np मा पत्र मार्फत जानकारी गराउनुको साथै सोको बोधार्थ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरमा समेत पठाउन हुन अनुरोध छ। नतिजा परिषद् कार्यालयको वेभ साईट www.ctevtexam.org.np तथा परिषद् बागमती प्रदेश कार्यालयको वेभ साईट www.ctevtbagmati.org.np मा हेर्न हुन अनुरोध छ।

निर्देशक